# बराहक्षेत्र नगरपालिकाको
# आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७९

**प्रस्तावना :**

बराहक्षेत्र नगरपालिकाबाट गरिने आर्थिक सहायता वितरण कार्यलाई नियमित, व्यवस्थित तथा पारदर्शी बनाउन सिमित स्रोत र साधनलाई उचित रुपमा प्रयोग गर्दै आर्थिक वितरणलाई वास्तविक, उपयोगी र पारदर्शी ढंगबाट गर्न कार्यविधि व्यवस्था वाञ्छनीय भएकोले,

बराहक्षेत्र नगरपालिकाले बराहक्षेत्र नगरपालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७८ बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "बराहक्षेत्र नगरपालिकाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा र व्याख्या :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "नगरपालिका" भन्नाले बराहक्षेत्र नगरपालिका सम्झनु पर्दछ ।

(ख) "नगर कार्यपालिका" भन्नाले बराहक्षेत्र नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले यस नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(घ) "उप प्रमुख" भन्नाले यस नगर कार्यपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "आर्थिक सहायता" भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने आर्थिक सहायता सम्झनु पर्दछ ।

(छ) "वडा समिति" भन्नाले नगर कार्यपालिकाको वडा समिति सम्झनु पर्दछ ।

(ज) "सभा" भन्नाले यस नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

## परिच्छेद-२
## आर्थिक सहायताको लक्षित वर्ग तथा क्षेत्रहरु

**३. आर्थिक सहायताको लक्षित वर्ग तथा क्षेत्रहरु :** यस नगरपालिकाबाट उपलब्ध गराइने आर्थिक सहायताको लक्षित वर्ग तथा सम्भाव्य क्षेत्रहरु देहाय बमोजिम हुनेछन् ।

(क) आर्थिक रुपमा ज्यादै जोखिममा रहेका व्यक्ति वा समूह,

(ख) मानवीय हित, कल्याण वा संरक्षणको दृष्टिले सहायता गर्नुपर्ने भनी पहिचान भएका व्यक्ति वा समूह,

(ग) नगरपालिका क्षेत्रभित्रका विपन्न नागरिकको कल्याण, विकास वा उन्नतिको लागि गैह्र नाफामूलक किसिमले सञ्चालन गरिने सामाजिक क्रियाकलापहरुमा संलग्न सामूदायिक समूह, संघ, संगठनहरु,

(घ) उपर्युक्त आधारहरुलाई समेत मध्यनजर गर्दै आर्थिक सहायता प्रदान गर्न अति आवश्यक भनी नगर कार्यपालिकाको बैठकबाट सर्वसम्मत रुपमा निर्णय गरिए बमोजिमका लक्षित व्यक्ति, वर्ग वा गैह्र नाफमूलक सामूदायिक समूह, संघ, संस्थाहरु,

(ङ) विभिन्न दीर्घरोग लागेर उपचार गर्न नसकेको वा उपचार गराइरहेको व्यक्तिहरु,

(च) ठुला रोगहरु क्यान्सर, मृगौला, मुटु सम्बन्धी विरामीहरुलाई,

(छ) जेष्ठ नागरिक, अपाङ्ग, एकल महिला लगायतलाई,

## परिच्छेद-३
## दैवी प्रकोप तथा मानवीय संकटहरु

**४. नगरपालिका क्षेत्रभित्र आइपर्न सक्ने विपद् तथा संकटहरु :** बराहक्षेत्र नगरपालिका भौगोलिक, आर्थिक, सामाजिक र साँस्कृतिक विविधताको नगरपालिका भएकोले यस नगरपालिका क्षेत्रभित्र आइपर्न सक्ने विपद् तथा संकटहरु निम्न अनुसार रहेका छन् ।

**क) दैवी तथा प्राकृतिक कारण र जसबाट उत्पन्न हुने संकटहरु**

(१) भुकम्प

(२) बाढी पहिरो

(३) चट्याङ्ग

(४) हुरी बतास

**ख) मानवीय कारण**

(१) आगलागी

(२) वेवारिसे मानिस

(३) महामारी

**ग) दुर्घटना**

(१) करेन्ट, साधन तथा औजार

(२) विषालु पदार्थ सेवन

(३) घरपालुवा तथा जनावरको आक्रमण

**(घ) दीर्घरोग**

(१) क्यान्सर

(२) मृगौला

(३) मुटु रोग

(४) एच.आइ.भी. एड्स पुनस्थापना

## परिच्छेद-४
## आर्थिक सहायता रकम

**५. आर्थिक सहायता रकम :** परिच्छेद ३ बमोजिमका संकटहरु पूर्ण रुपमा समाधान गर्न नसकिने र न्यूनीकरणका उपायहरु अपनाउँदा अपनाउँदै गर्दा समेत संकट आइपर्ने र उक्त संकट व्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केही मात्रामा भएतापनि राहत पुग्ने महसुस गर्दै तपसिल अनुसारको शीर्षकमा तपसिल अनुसारको आर्थिक सहायता प्रदान गरिनेछ ।

**क. मृत्यु भएमा (मृतकका परिवारका लागि तत्काल राहत पुग्ने गरी) :**

| कारण | सहायता गर्न सकिने रकम (काजक्रिया खर्च प्रति व्यक्ति) | वितरणका आधारहरु |
|---|---|---|
| आगलागी | रु. १०,०००।- | • प्रहरी सर्जमिन मुचुल्का<br>• प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस पत्र<br>• निवेदन |
| दुर्घटना (करेन्ट, चट्याङ्ग, साधन तथा औजारबाट) | रु. १०,०००।- | |
| रुख, खोलानाला, भीरपहिरो आदि | रु. १०,०००।- | |

| | | |
|---|---|---|
| दैवी/प्राकृतिक विपत्ति | रु. १०,०००।- | |
| वेवारिसे मानिस (बाहिरबाट आएको वा नपा भित्र मृत्यु भएको) | रु. १०,०००।- | |
| नपा भित्रको ठाउँ ठेगाना खुल्ने गरी बाहिर गएर मरेको | रु. १०,०००।- | |
| नपाको वैदेशिक रोजगारका क्रममा मृत्यु भएको | रु. १०,०००।- | |
| विषालु पदार्थ सेवन | रु. १०,०००।- | |
| जनावरबाट क्षति (हात्ती, सर्प, बाघ, भालु, कुकुर आदि) | रु. १०,०००।- | |

**ख. घाइते तथा उपचारको क्रममा रहेको :**

| **कारण** | **सहायता गर्न सकिने रकम (प्रति व्यक्ति)** | **वितरणका आधारहरु** |
|---|---|---|
| जनावर आतंक | रु. ५०००।- | • प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस पत्र<br>• सम्बन्धित विरामी वा संरक्षकको निवेदन<br>• विरामी दर्ता पूर्जा |
| आगलागी | रु. ५०००।- | |
| बाढी पहिरो | रु. ५०००।- | |
| हुरी बतास | रु. ५०००।- | |
| चट्याङ्ग | रु. ५०००।- | |
| मानवीय र दैविक तथा प्राकृतिक विपत्ति | रु. ५०००।- | |

**ग. गम्भीर प्रकृतिका रोगीहरु (रोगी उपचारको क्रममा हुनुपर्ने) :**

| **रोगका प्रकारहरु** | **सहायता गर्न सकिने रकम (प्रति व्यक्ति)** | **वितरणका आधारहरु** |
|---|---|---|
| क्यान्सर | रु. ५०००।- | • प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस पत्र<br>• सम्बन्धित विरामी वा |
| मृगौला | रु. ५०००।- | |
| मुटु | रु. ५०००।- | |
| स्पाइनल इन्जुरी | रु. ५०००।- | |

| | | |
|---|---|---|
| दम | रु. ५०००।- | संरक्षकको निवेदन<br>● विरामी दर्ता पूर्जा |
| मधुमेह | रु. ५०००।- | |
| उच्च रक्तचाप | रु. ५०००।- | |
| पथरीया आदि | रु. ५०००।- | |

**घ. घरबास तथा अन्नबाली क्षति :**

| क्षतिका प्रकारहरु | सहायता गर्न सकिने रकम | वितरणका आधारहरु |
|---|---|---|
| जनावर आतंक | रु. ५०००।- | ● प्रहरी सर्जमिन मुचुल्का<br>● प्रकृति अनुसारको वडा कार्यालयको सिफारिस पत्र<br>● सम्बन्धित व्यक्तिको निवेदन<br>● निवेदकको नागरिकताको प्रतिलिपि |
| आगलागी | रु. ५०००।- | |
| बाढी पहिरो | रु. ५०००।- | |
| हुरी बतास | रु. ५०००।- | |
| चट्याङ्ग | रु. ५०००।- | |
| मानवीय, दैवी र प्राकृतिक विपत्ति | रु. ५०००।- | |

माथि उल्लेखित विषयमा नपरेका वा छुट भएका जनुसुकै विषयहरु आएमा र नगर प्रमुखलाई मनासिव लागेमा नगर प्रमुखको आदेशबाट रु.५०००।- सम्म भुक्तानी दिन सकिनेछ ।

## परिच्छेद-५
## आर्थिक सहायता वितरण प्रकृया

**६. आर्थिक सहायता वितरण प्रकृया :** (१) आर्थिक सहायता पाउन योग्य लक्षित वर्ग, समूह वा संगठनले सम्बन्धित वडा कार्यालयको सिफारिसमा तोकिएको ढाँचामा सो सहायता पाउनुपर्ने आधार, प्रमाण र कारण खुलाई नगर कार्यपालिकाको कार्यालयमा **अनुसूची-१** बमोजिमको निवेदन दिनु पर्नेछ ।

(२) आर्थिक सहायता र सो को प्रकृया देहाय बमोजिम हुनेछ-

(क) रु.५०००।- (पाँच हजार रुपैयाँ) सम्मको आर्थिक सहायता सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउन सक्नेछ ।

(ख) रु.२५०००।- (पच्चिस हजार रुपैयाँ) सम्मको आर्थिक सहायता नगरपालिकाको प्रमुखले सम्बन्धित वडा कार्यालयको सिफारिसमा उपलब्ध गराउन सक्नेछ ।

(ग) रु.२५०००।- (पच्चिस हजार रुपैयाँ) भन्दा माथि रु.१,००,०००।- (एक लाख रुपैयाँ) सम्मको आर्थिक सहायता नगर कार्यपालिकाको बैठकबाट निर्णय गर्नु पर्नेछ ।

(३) आर्थिक सहायता पाउन योग्य लक्षित वर्ग, समूह वा संगठनले तोकिएको ढाँचामा सो सहायता पाउनुपर्ने आधार, प्रमाण र कारण खुलाई निवेदकको पहिचान खुल्ने कागजातसहित अनुसूची-२ बमोजिमको ढाँचामा वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(क) रु.२०००।- (दुई हजार रुपैयाँ) सम्मको आर्थिक सहायता सम्बन्धित वडाका वडा अध्यक्षको तोक आदेशमा वडा कार्यालयले उपलब्ध गराउन सक्नेछ ।

(ख) रु.५०००।- (पाँच हजार रुपैयाँ) सम्मको आर्थिक सहायता वडा समितिको बैठकबाट निर्णय गर्नु पर्नेछ ।

**७. आर्थिक सहायता वितरणका पूर्व शर्त :** यस कार्यविधि बमोजिम आर्थिक सहायता उपलब्ध हुने व्यक्ति वा सामूदायिक संस्था, संघ, संगठनको लागि देहायको पूर्व शर्त पुरा गरेको हुनुपर्नेछ ।

(क) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा भई नगरपालिकाको पेश्की बेरुजु नभएको,

(ख) नगरपालिकालाई नियमानुसार तिर्नु पर्ने कर, महशुल, सेवा शुल्क आदि तिरेको,

(ग) संगठित संस्थाको हकमा कर चुक्ता प्रमाण पत्र प्राप्त गरेको,

(घ) नेपाल सरकारले कुनै निकायमा विधि पूर्वक दर्ता भएको वा नगरपालिकाभित्र स्थापना भएको संगठित संघ, संस्था वा समूहको हकमा नियमानुसार यस नगरपालिकामा दर्ता भएको,

(ङ) वार्षिक लेखापरीक्षणको व्यवस्था भई आधिकारिक निकायबाट सो अनुसार लेखापरीक्षण गरेको,

**८. प्राप्त आर्थिक सहायता तोकिएको प्रयोजनमा खर्च गर्नु पर्ने :** यस नगरपालिकाबाट जुन प्रयोजनका लागि जे जति रकम आर्थिक सहायताको रुपमा प्राप्त गरेको हो सोही प्रयोजनका लागि सो रकम खर्च गरेको हुनु पर्नेछ र सो को आधिकारिक प्रमाण कागजात नगर कार्यपालिकाको कार्यालयको लेखा शाखामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-६
## अनुगमन समिति सम्बन्धी व्यवस्था

**९. स्थलगत अनुगमन समिति :** यस नगरपालिकाबाट वितरण भएका आर्थिक सहायताको प्रभावकारी उपयोग सम्बन्धमा स्थलगत रुपमा अध्ययन अवलोकन गरी नगर कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्न देहायको एक समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको नगर कार्यपालिकाको कार्यालयको अधिकृतस्तरको कर्मचारी - संयोजक

(ख) आर्थिक सहायता प्रदान गरिएको विषयसँग सम्बन्धित क्षेत्र हेर्ने संयोजक - सदस्य

(ग) प्रशासन शाखाको प्रमुख - सदस्य

(घ) आर्थिक प्रशासन शाखाका प्रमुख - सदस्य

(ङ) ईन्जिनियर वा सब इन्जिनियर मध्येबाट १ जना - सदस्य

## परिच्छेद-७
## विविध

**१०. प्रतिवेदन पेश गर्नुपर्ने :** (१) यस नगर कार्यपालिकाको कार्यालयबाट त्रैमासिक रुपमा वितरण भएका आर्थिक सहायताहरुको एकमुष्ट विवरण प्रतिवेदन अनुसूची-३ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको बैठकमा पेश गरी स्वीकृत गराउनु पर्नेछ ।

(२) उक्त प्रतिवेदनमा आवश्यक ठहरिएमा नगर कार्यपालिकाले वितरित आर्थिक सहायताको सदुपयोग भए नभएको सम्बन्धमा स्थलगत अनुगमन प्रतिवेदन समेत राख्न आवश्यक निर्देशन गर्न सक्नेछ ।

**११. यसै कार्यविधि बमोजिम भए गरेको मानिने :** यस अघि यस नगरपालिकाबाट प्रदान गरिएका आर्थिक सहायता समेत यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**१२. कार्यविधिको व्याख्या, संशोधन तथा अनुसूची थपघट :** यस कार्यविधिको आवश्यक व्याख्या, संशोधन तथा अनुसूची थपघट नगर कार्यपालिकाले गर्नेछ ।

**अनुसूची-१**
**(व्यक्तिको हकमा)**
**(बुँदा नं. ६(१) सँग सम्बन्धित)**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू मिति :
बराहक्षेत्र नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी ।

बिषय : आर्थिक सहायता उपलब्ध गराई पाउँ ।

महोदय,

प्रस्तुत बिषयमा ........................................ स्थायी ठेगाना भएको मलाई .................................... गर्नुपर्ने भएकोले सो का लागि मेरो आर्थिक अवस्था अत्यन्त कमजोर रहेकोले ........................... का लागि रु. .................. (अक्षरेपी रु. .........................) उपलब्ध गराइदिनुहुन तपसिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु । साथै मेरो यस नगरपालिकासँग सम्बन्धित तिर्नु बुझाउनु वा फछ्र्यौट गर्नुपर्ने कर, महशुल, बक्यौता वा पेश्की बेरुजु बाँकी नरहेको जानकारी गराउँदै प्राप्त सहयोग रकम जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि खर्च गर्ने सो नगरेको पाइएमा जनुसुकै कारवाही, सजाय वा जरिवाना सहन, भोग्न वा तिर्न बुझाउन सहमत भएको व्यहोरा समेत अनुरोध छ ।

भवदीय
दस्तखत :
नाम, थर :
स्थायी ठेगाना :
सम्पर्क नं. :

**तपसिल**

१. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ थान
२. संगठित संस्थाको हकमा दर्ता तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि १ थान
३. सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता उपलब्ध गराउनुपर्ने कारण, आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र १ थान

बराहक्षेत्र नगरपालिका नगर कार्यपालिकाको कार्यालय चक्रघट्टी, सुनसरी कोशी प्रदेश, नेपाल

# अनुसूची-१क
## (संस्थाको हकमा)
## (बुँदा नं. ६(१) सँग सम्बन्धित)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू मिति :
बराहक्षेत्र नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी ।

बिषय : आर्थिक सहायता उपलब्ध गराई पाउँ ।

महोदय,

प्रस्तुत बिषयमा ........................................ ठेगाना रहेको .......................................... संस्था/समूह/संघलाई ............................................ गर्नुपर्ने भएकोले संस्था/समूह/संघबाट विनियोजित रकम अपुग भएकोले सो प्रयोजनका लागि रु. .......................... (अक्षरेपी रु. ..........................) उपलब्ध गराइदिनुहुन तपसिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरेको गरिएको छ । यस संस्थाको यस नगरपालिकासँग सम्बन्धित तिर्नु बुझाउनु वा फछ्र्यौट गर्नुपर्ने कर, महशुल, बक्यौता वा पेश्की बेरुजु बाँकी नरहेको, नियमानुसार नगरपालिकाको कार्यालय वा प्रदेश वा केन्द्र सरकारको आधिकारिक निकायमा दर्ता भएको अवगत गराउँदै प्राप्त सहयोग रकम जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि खर्च गरिने व्यहोरा अनुरोध छ । सो नगरेको पाइएमा जनुसुकै कारवाही, सजाय वा जरिवाना सहन, भोग्न वा तिर्न बुझाउन सहमत भएको व्यहोरा समेत अनुरोध छ ।

संगठित संस्थाको तर्फबाट :
अध्यक्ष वा प्रमुखको नाम थर :
संस्थाको ठेगाना :
सम्पर्क नं. :

**तपसिल**

१. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ थान
२. संगठित संस्थाको हकमा दर्ता तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि १ थान
३. सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता उपलब्ध गराउनुपर्ने कारण, आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र १ थान

## अनुसूची-२
## (व्यक्तिको हकमा)
## (बुँदा नं. ६(३) सँग सम्बन्धित)

श्रीमान् वडा अध्यक्ष ज्यू                                        मिति :

........ वडा कार्यालय

........................... ।

बिषय : आर्थिक सहायता उपलब्ध गराई पाउँ ।

महोदय,

प्रस्तुत बिषयमा ........................................ स्थायी ठेगाना भएको मलाई .................................... गर्नुपर्ने भएकोले सो का लागि मेरो आर्थिक अवस्था अत्यन्त कमजोर रहेकोले ........................... का लागि रु. .................. (अक्षरेपी रु. ..........................) आर्थिक सहयोग उपलब्ध गराइदिनुहुन तपसिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु । साथै मेरो यस नगरपालिकासँग सम्बन्धित तिर्नु बुझाउनु वा फछ्र्यौट गर्नुपर्ने कर, महशुल, बक्यौता वा पेश्की बेरुजु बाँकी नरहेको जानकारी गराउँदै प्राप्त सहयोग रकम जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि खर्च गर्ने सो नगरेको पाइएमा जनुसुकै कारवाही, सजाय वा जरिवाना सहन, भोग्न वा तिर्न बुझाउन सहमत भएको व्यहोरा समेत अनुरोध छ ।

भवदीय

दस्तखत :

नाम, थर :

स्थायी ठेगाना :

सम्पर्क नं. :

**तपसिल**

१. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ थान

२. संगठित संस्थाको हकमा संस्था दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि १ थान

३. आर्थिक सहायता उपलब्ध गराउनुपर्ने कारण, आधार र प्रमाण समेत खुलेको निवेदन १ थान

**अनुसूची-३**
**(बुँदा नं. १० (१) सँग सम्बन्धित)**
**प्रतिवेदनको ढाँचा**

| क.सं. | सहायता पाउने व्यक्ति वा संस्थाको नाम, थर | ठेगाना | सम्पर्क नं. | सहायता लिएको रकम | प्रयोजन | संस्थाको हकमा भए सो संस्थाको अध्यक्ष/प्रमुख व्यक्ति र सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**प्रमाणिकरण गर्नेको :**

**दस्तखत :**

**नाम थर :** ऋद्धि प्रकाश सिटौला

**दर्जा :** प्रमुख प्रशासकीय अधिकृत

**पृष्ठ संख्या :** ११

**मिति :** २०७९।०८।२९

**कार्यालयको छाप :**

चक्रघट्टा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चक्रघट्टा, सर्लाही कोशी प्रदेश, नेपाल